आलिताल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०२ संख्या : १० मिति : २०७७/०६/२५

भाग - २

**आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

नेपालको संविधान बमोजिम आलिताल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## आलिताल गाउँपालिकाको बाल क्लब/समूह गठन तथा सहजीकरण निर्देशिका, २०७७

**प्रस्तावना** : बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न वाञ्छनिय भएकाले,

नेपालको संविधानको धारा २१४, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी आलिताल गाउँ कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "आलिताल गाउँपालिकाको बाल क्लब/समूह गठन तथा सहजीकरण निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका आलिताल गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "बालबालिका" भन्नाले अठार वर्ष मुनिका बालबालिकालाई सम्झनु पर्छ ।

(ख) "बाल क्लब/समूह" भन्नाले यस निर्देशिका बमोजिम गठन भई वडा कार्यालय वा गाउँपालिकामा सूचीकृत भएका अठार वर्ष भन्दा कम उमेरका बालबालिकाको संगठनालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले आलिताल गाउँपालिका सम्झनुपर्छ ।

(घ) "बाल संजाल" भन्नाले यस निर्देशिका बमोजिम गठन भएका बाल क्लब/समूहहरुको संजाललाई सम्झनुपर्छ ।

(ङ) "कार्य समिति" भन्नाले बाल क्लबको क्रियाकलाप संचालन गर्नको लागि सदस्यहरुबाट छानिएको समिति सम्झनु पर्दछ ,

(च) "संरक्षक" भन्नाले देहाय बमोजिमका व्यक्ति सम्झनु पर्दछ :

(१) गाउँपालिका स्तरीय संजालको लागि गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको व्यक्ति,

(२) वडा स्तरीय बाल क्लबको हकमा सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति,

(३) विद्यालय स्तरीय संजालको लागि विद्यालयको प्रधानाध्यापक वा निजले तोकेको शिक्षक।

(छ) "विशिष्टीकृत बाल क्लब/समूह" भन्नाले विश्वव्यापी प्रचलनमा रहेका विधि तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका समूहमा आवद्ध बाल क्लब/समूहलाई सम्झनुपर्छ । सो शब्दले जुनियर रेडक्रस, राष्ट्रिय रोटरी क्लव, लियो क्लव, रेयुकाई समूह जस्ता विशेष समूह समेतलाई जनाउदछ ।

(ज) "सहजकर्ता" भन्नाले बाल क्लब/समूहको गठन तथा संचालनमा सहयोग तथा सहजीकरण गर्नका लागि यस निर्देशिका बमोजिम नियुक्त व्यक्तिलाई सम्झनुपर्छ ।

(झ) "सहयोगी संस्था" भन्नाले स्थानीय तहमा बाल क्लब/समूह संचालनमा सहयोग गर्ने तथा बाल सहभागिताका विभिन्न कार्यक्रमहरु संचालन गरिरहेका सम्बन्धित निकायबाट अनुमति प्राप्त नेपालमा दर्ता गैरसरकारी संस्थाहरुलाई सम्झनुपर्छ ।

३. **बाल क्लव/समूहको उद्देश्य :** बाल क्लव/समूहको देहाय बमोजिमका उद्देश्य रहनेछन् :

(क) बालबालिकाको संगठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) बाल क्लब/समूहहरुको गठन, संचालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।

(ग) बालमैत्री शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) विकासका हरेक प्रक्रियामा सार्थक बाल प्रतिनिधित्व मार्फत बालमैत्री पुर्वाधार विकासमा टेवा पुऱ्याउने।

(ङ) बाल अधिकारको संरक्षण र सम्बर्द्धनका लागि सचेतना अभिबृद्धि गर्ने ।

(च) शैक्षिक गतिविधि एवं अतिरिक्त क्रियाकलापका लागि विद्यालय तथा अभिभावकसँग समन्वय गर्ने ।

(छ) बालबालिकाहरुसँग सम्बन्धित विभिन्न संघ संस्थासँग सम्बन्ध र समन्वय कायम गरी हित अभिबृद्धि गर्ने।

(ज) बालबालिकाहरुलाई कूलत, दुर्व्यसन, दुर्व्यवहार, भेदभाव र खराब आचरणबाट बचाउन प्रयास गर्ने ।

(झ) बालभेला, छलफल, अन्तरक्रिया तथा गोष्ठीको आयोजना गर्ने ।

४. **कार्यक्षेत्र वा जिम्मेवारी वा कार्यान्वयन :** बाल क्लवका देहाय बमोजिमको कार्यक्षेत्र वा जिम्मेवारी वा कार्यान्वयन हुनेछ :

(क) बालक्लवको कार्यक्षेत्र समुदाय र विद्यालय रहनेछ ।अन्य क्षेत्रको आवश्यकता भएमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ख) वडा कार्यालय वा गाँउपालिकामा बाल क्लब/समूह गठन तथा सहजिकरणका लागि यस निर्देशिक बमोजिम गर्नु गराउनु गाउँपालिकाको दायित्व हुनेछ ।

(ग) बाल सहभागिता तथा बाल क्लब/समूह सहजीकरणमा क्रियाशिल राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकासका साझेदारहरुले यस निर्देशिकाको अवलम्बन गर्नु गराउनु उनीहरुको जिम्मेवारी हुनेछ।

(घ) विशिष्टीकृत बाल क्लब/समूहहरुको सन्दर्भमा यो निर्देशिका लागू हुनेछैन।

## परिच्छेद २
## बाल क्लब/समूहको गठन प्रक्रिया

**५. बाल क्लब/समूहका किसिम :** (१) बाल क्लब/समूह सामान्य अवस्थामा २५ जना वा सोभन्दा बढी बालबालिका भेला भई कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरुमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बाल अधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई नै बाल क्लब/समूह मानिनेछ ।

(२) सबै बाल क्लब/समूहहरु गाउँपालिका वा वडा कार्यालयमा अनिवार्य सूचिकृत र नवीकरण हुनुपर्नेछ ।

(३) एक विद्यालयमा एक बाल क्लब/समूह रहनेछ । विभिन्न उमेर र विषयगत बाल क्लब/समूहहरु सोही बाल क्लब/समूह अन्तर्गत उपसमूहका रुपमा क्रियाशिल हुन सक्नेछन् ।

(४) विद्यालयस्तरका बाल उपसमूह गठन गर्दा तीन वटा उमेर समूहका (५ देखि ११ वर्ष उमेर समूह, १२ देखि १५ वर्ष उमेर समूह र १६ देखि १८ वर्ष उमेर समूह) आधारमा छुट्टाछुट्टै गठन गर्नुपर्नेछ।

तर वडास्तरका बाल क्लब/समूह गठन गर्दा ५ देखि १८ वर्ष उमेर समूहको एउटै बाल क्लब/समूह गठन गर्न बाधा पर्ने छैन ।

(५) बाल क्लब/समूहका प्रकारहरु देहाय बमोजिम हुनेछन् :

(क) वडामा आधारित बाल क्लब/समूहहरु देहाय अनुसार हुनेछन् :

१. वडामा आधारित बाल क्लब/समूह निश्चित भूगोलभित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल क्लब/समूहहरु भनिनेछ।

२. बाल क्लब/समूहले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ ।

३. बाल क्लब/समूहमा उक्त क्षेत्रभित्र सामान्यत छ महिना वा सो भन्दा बढि स्थायी वा अस्थायी बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन् ।

(ख) विद्यालयमा आधारित बाल क्लब/समूहहरु देहाय अनुसार हुनेछन् :

१. विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बालअधिकार अनुगमन तथा प्रबर्द्धन गर्न गठन भएका बाल क्लब/समूहलाई विद्यालयमा आधारित बाल क्लब/समूह भनिनेछ ।

२. सम्बन्धित विद्यालय भित्रका सबै जातजाती, कक्षा, लिङ्ग, आर्थिक तथा शारीरिक अवस्थाबाट कमजोर बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ ।

३. बाल क्लब/समूहमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा अध्ययनरत हुनु पर्दछ ।

(ग) विषयगत बाल क्लब/समूहहरु देहाय अनुसार हुनेछन् :

१. बालिकाहरुको मात्र सवाल, बाल विवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिवर्नत, बालश्रम, एचआइभी तथा एड्स जस्ता विषयहरुमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल क्लब/समूहहरु गठन गर्न सकिनेछ ।

२. समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरुमा आधारित रहेर गठन भएका यस्ता बाल क्लब/समूहलाई विषयगत बाल क्लब/समूह मानिनेछ ।

अभिलेख गाउँपालिका

३. विद्यालयभित्र यस्ता बाल क्लब/समूह गठन भएमा उक्त समूहलाई विद्यालयस्तरीय बाल क्लब/समूहकै उपसमूह मानिनेछ ।

(घ) विशिष्टीकृत बाल क्लब/समूह देहाय अनुसार रहनेछन् :

१. अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयमसेवा अभियान तथा संगठनहरु,नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल क्लब/समूह गठन गर्न सक्नेछन् ।

२. बालसमूहहरुको गठन र व्यवस्थापन विधि स्वयं यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरुबाट संचालित हुन सक्नेछन् ।

**६. बाल क्लब/समूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखिकरण** : (१) बाल क्लब/समूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखिकरण गर्दा सामान्यतया देहायका सिद्धान्त तथा प्रक्रिया पूरा गर्नु पर्नेछ :

(क) वडामा आधारित बाल क्लब/समूह गठन गर्न चाहने व्यक्ति, समूह तथा संगठनले बाल क्लब/समूह गठन गर्ने औचित्य र कारण समेत स्पष्ट पारी न्युनतम दश दिन अगावै सम्बन्धित वडा कार्यालय बालबालिका तथा अभिभावकहरुलाई खुला सूचना दिनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्वारा बोलिने मातृ भाषाहरुमा समेत दिनुपर्नेछ ।

(ग) सूचना उपलब्ध गराउने विधिमा गाउँपालिका, वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरु, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ ।

(घ) बाल क्लब/समूह गठन गर्ने भेलामा सामान्यतया २५ जना बालबालिकाको उपस्थिति हुन पर्नेछ ।

(ङ) बालबालिकको लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा भवनहरुमा आयोजना गर्नु पर्नेछ ।

(च) बालअधिकारको अवधारणा, बालसहभागिताको अधिकार, बालसहभागितामा नेपालका नीतिगत व्यवस्थाहरु, गाउँपालिका वा वडा कार्यालयमा बाल क्लब/समूह गठन गर्नुको कारण र योजना, बाल क्लब/समूहको मुख्य उद्देश्य र कार्यक्रमहरु रहन सक्नेछन् ।

(छ) अभिमुखीकरण तथा जानकारीहरु सरल र बालबालिकाले बुझ्ने भाषामा हुनुपर्दछ । यदि बहुसंख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन् भने मातृ भाषामा अभिमुखीकरण र छलफल चलाउन सकिनेछ।

(ज) भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाको छुट्टाछुट्टै उमेर, जातजाति र लिङ्ग समेत जनाउने गरी उपस्थिति गराउन सकिने छ ।

(झ) विद्यालयमा आधारित बाल क्लब/समूह गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गरिनु पर्दछ। भेलाको आयोजना विद्यालय परिसर भित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नु पर्नेछ ।

(ञ) विषयगत बाल क्लब/समूह गठन गर्दा वडा कार्यालयमा वा जुन विद्यालयमा गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ ।

**७. नेतृत्व चयन :** (१) दफा (६) बमोजिम भेलामा सहभागी बालबालिकाको सहमति भएमा देहायको आधारमा बाल क्लब/समूहको नेतृत्व चयन गर्न सकिने छ । नेतृत्व चयन सम्बन्धी विधिको छनौट गर्ने निर्णय स्वयं उपस्थित बालबालिका माझ छलफल गरी तय गर्नुपर्नेछ :

(क) बहुपदीय नेतृत्व : बाल क्लब/समूहमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरु तय भएको नेतृत्व ।

(ख) चक्रिय नेतृत्व : बाल क्लब/समूहमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने, कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव बैठकहरुमा दोहोरिदै जाने ।

(ग) सणयोजन समूह : बाल क्लब/समूहमा निश्चित संख्यामा संयोजन समूह बनाउन सकिनेछ । बाल क्लब/समूहको कार्यक्रम र बैठक अनुसार संयोजन, अध्यक्षता र प्रतिनिधित्व गर्ने जिम्मेवारी तोक्न सकिनेछ ।

(२) बाल क्लब/समूहको कार्यसमिति संख्या ९ देखि २१ सदस्यीय सम्म बनाउन सकिनेछ ।

(३) बाल क्लब/समूहले आवश्यकता अनुसार उपसमितिहरु गठन गरी कार्यक्रमहरु गर्न सक्नेछन् । यस्तो उपसमितिमा ३ देखि १५ जना सम्म सदस्य रहनेछन् ।

(४) बाल क्लब/समूहको नेतृत्वमा ५० प्रतिशत बालिका, समग्रमा १० प्रतिशत दलित बालबालिका र ५ प्रतिशत अपाङ्गता भएका बालबालिका सदस्यहरुका लागि सिट संख्या आरक्षित गर्नुपर्नेछ ।

(५) बाल क्लब/समूहको पदाधिकारीमा बालक र बालिकाको संख्या बराबरी छान्नु पर्नेछ ।

(६) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल क्लब/समूहको नेतृत्वमा बस्न पाउने छैन् ।

(७) वडामा आधारित बाल क्लब/समूहको नेतृत्व न्यूनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनेछ । विद्यालयमा आधारित बाल क्लब/समूहको नेतृत्व परिवर्तन हरेक वर्ष गर्नु पर्नेछ ।

(८) एकै व्यक्ति बाल क्लब/समूहको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको रुपमा एक कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन तर कार्य समितिको सदस्य बस्न बाधा पर्ने छैन् ।

(९) ८ वर्ष भन्दा कम उमेर समूहका बालबालिका बाल क्लब/समूहको नेतृत्वमा रहने छैनन् ।

(१०) बाल क्लब/समूहका सदस्यहरुमाझ नेतृत्व चयनका सन्दर्भमा विवाद आएमा देहाय बमोजिम गर्न सकिनेछः

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल समुहलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न सक्ने ।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरुले छलफल गरी सहमतिमा अग्रसर हुने ।

(ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।

(घ) नेतृत्व गर्न चाहनेहरु माझको सान्दर्भिक समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।

(ङ) खण्ड (क), (ख), (ग) र (घ) बमोजिम विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरु मध्येबाट मतदान प्रक्रियाबाट चयन गर्नुपर्नेछ । मतदान प्रक्रियाको सहजीकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्ताबाट गर्नु पर्नेछ । मतदान प्रक्रियामा जाँदा व्यक्तिगत प्रचारप्रसार गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ ।

८. **संजालहरुको गठन** : (१) बाल क्लब/समूहहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब/समूह संजालको गठन गर्न सकिनेछ ।

(२) बाल क्लब/समूह संजाल वडा स्तर वा गाउँपालिका स्तरका हुनेछन् ।

(३) बाल क्लब/समूह संजाल गठन गर्नका लागि गाउँपालिका तहमा बाल क्लब/समूहहरुको प्रतिनिधि भेलाको आयोजना गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको भेलामा संजालले समेट्ने क्षेत्रका वडा, विद्यालय तथा विषयगत बाल क्लब/समूहहरुलाई भेलाको मिति भन्दा पन्ध्र दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरु,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लब/समूहको प्रतिनिधि संख्या (जातजाती, लिङ्ग समेत तय गरिएको भए सो समेत),

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा, र

(ङ) अन्य आवश्यक विषयवस्तु ।

(५) बाल क्लब/समूहका प्रतिनिधिहरुले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्ने छ :

(क) आफ्नो बाल क्लब/समूहमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ ,

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा संजालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ।

(ग) वडामा आधारित बाल क्लब/समूहको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अभिभावकको सहमति।

(६) बाल क्लब/समूहले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गराउनु पर्नेछ ।

(७) संजाल भेलामा सहभागी हुने बाल क्लब/समूह प्रतिनिधि उक्त संजालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनु पर्नेछ ।

(८) संजालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ । संजालको नेतृत्वको पुनःगठन प्रत्येक वर्ष गर्नुपर्नेछ ।

९. **नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन :** (१) बाल क्लब/समूह तथा संजालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका बीच अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) समान क्षमताका प्रतिस्पर्धीहरुलाई सहमति गराई एक आपसमा स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ।

(३) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरुको गठनबाट विभिन्न जिम्मेवारीहरु प्रदान गरी उनीहरुको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(४) बालबालिका बीच हुने प्रतिस्पर्धामा वयस्कहरुक प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ।

१०. **आवद्धता तथा सूचीकरण :** (१) समुदाय तथा विद्यालयमा गठन भएका बाल क्लब/समूहहरु गठन भएको एक महिनाभित्र गाउँपालिका वा वडा कार्यालयमा सूचिकृत गर्नु पर्नेछ । वडा कार्यालयमा सूचीकृत भएका बाल क्लब/समूह/संजालको विवरण वडा कार्यालयबाट नियमित रुपमा गाउँपालिका पठाउनु पर्नेछ ।

(२) विद्यालयमा गठन भएका बाल क्लब/समूहको आवद्धता स्वयं विद्यालयसँग र गाउँपालिका वा वडा कार्यालयमा गठन भएका बाल समुहको आवद्धता गाउँ कार्यपालिकाको कार्यालयसँग रहनेछ ।

(३) बाल क्लब/समूह सूचीकरण हुँदा समूहको नाम, उद्देश्य, कार्यसमितिका पदाधिकारी तथा सदस्यको नाम, सहजकर्ताको नाम र सम्पर्क ठेगाना र आवद्ध निकाय खुलाइएको हुनुपर्नेछ ।

(४) सूचीकृत बाल क्लब/समूहहरु हरेक वर्ष अद्यावधिक गर्न सकिने छ । यसरी अद्यावधिक हुँदा सम्बन्धित समूहले अद्यावधिक गर्ने व्यहोराको निवेदन, बाल क्लब/समूहको वार्षिक भेलाको उपस्थिति र विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम र सम्पर्क ठेगाना र बाल क्लब/समूहले अघिल्लो वर्ष सम्पन्न गरेका विभिन्न गतिविधिको कार्यप्रगति संलग्न गर्नु पर्नेछ ।

(५) विद्यालयमा आधारित बाल क्लब/समूहले अद्यावधिकको लागि निवेदन दिंदा सम्बन्धित विद्यालयको सिफारिशपत्र संलग्न गर्नु पर्नेछ ।

(६) आवद्धता तथा सूचीकरणका लागि बाल क्लब/समूहको नाम भेलाका सहभागी बालबालिकाले आपसी सहमतिमा छनौट गर्न सक्ने छन् । बाल क्लब/समूहको नाम त्यसै क्षेत्रको अर्को बाल क्लब/समूहको नामसँग मिलेमा दोहोरो पर्ने गरी राख्न सकिने छैन् ।

(७) बाल क्लब/समूहको नामसँग कुनै पनि निजी वा गैर सरकारी संस्थाको नाम जोड्न सकिने छैन ।

(८) बाल क्लब/समूहको सूचिकरण तथा नवीकरणका लागि सहजकर्ता निकाय, व्यक्ति अनिवार्य उपस्थिति भई प्रमाणित र सहमति प्रदान गर्नु पर्नेछ ।

(९) सूचीकृत तथा नवीकरण भएका बाल क्लबको प्रतिवेदन गाउँकार्यपालिकाको कार्यालय लगायत बालअधिकार संरक्षणको क्षेत्रमा कार्यरत अन्य सरकारी निकायमा पठाउनु पर्नेछ ।

## परिच्छेद ३

## सहजकर्ता सम्बन्धी व्यवस्था

**११. सहजकर्ता संस्था, निकाय र व्यक्तिहरु :** (१) बाल क्लब/समूहको गठन तथा संचालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको अनुपस्थिति मान्य हुनेछैन ।

(२) प्रत्येक बाल क्लब/समूहको एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुनु पर्नेछ ।

(३) सहजकर्ताले बाल क्लब/समूहको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, बालबालिकाको सरोकारको क्षेत्रमा उपयुक्त उपायहरु सुझाउने तथा श्रोतमा उनीहरुको पहुँच बनाउन सहयोग गर्नु पर्नेछ ।

(४) बाल क्लब/समूहका गतिविधि र त्यसबाट उत्पन्न परिणाम प्रति सहजकर्ता व्यक्ति, संस्था वा निकायको नैतिक जिम्मेवारी रहनेछ ।

(५) सहजकर्ताको छनौटमा बाल क्लब/समूहको सहमति र स्वीकार्यता अनिवार्य रहनेछ ।

(६) एक सहजकर्ता व्यक्ति वा समूहले अधिकतम दश वटा बाल क्लब/समूहलाई सहयोग पुऱ्याउन सक्नेछ।

**१२. वयस्क सहजकर्ताको चयन :** (१) वयस्क सहजकर्ताको चयन बाल क्लब/समूह गठन गर्न तथा बालबालिकाको समूहको गतिविधि प्रवर्द्धन र सहजीकरण गर्ने कार्यमा सहयोग गर्ने संस्था वा गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले यसरी सहजकर्ता चयन गर्दा बाल क्लब/समूहको सहमति अनिवार्य लिनुपर्नेछ ।

(२) वयस्क सहजकर्ताले सहजीकरण गरे वापत बाल क्लब/समूहसँग कुनै पारिश्रमिक लिन पाउने छैन । तर गाउँपालिका वा वडा कार्यालय वा सहयोगी संस्थाले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन बाधा पर्नेछैन ।

(३) विद्यालयमा आधारित बाल क्लब/समूहको सहजकर्ता शिक्षकहरु मध्येबाट वडामा आधारित बाल क्लब/समूहको सहजकर्ता गाउँपालिका बालसंरक्षण समिति वा बालमैत्री गाउँपालिका शासन समन्वय समितिका सदस्य वा संस्थाको तर्फबाट तोक्ने सकिनेछ ।

(४) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता स्थानीय व्यक्ति हुनुपर्नेछ।

**१३. बाल क्लब/समूहको सहजकर्ता हुनका चाहिने योग्यता :** (१) बाल क्लब/समूहको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनुपर्दछ :

(क) बाल क्लब/समूहका पूर्वसदस्य भएकालाई पहिलो प्राथमिकता दिइनुपर्नेछ ।

(ख) वयस्क सहजकर्ता न्यूनतम १२ कक्षा उत्तीर्ण तथा १९ देखि ३० वर्ष उमेर समूहको व्यक्ति हुनेछ ।

(ग) तर विद्यालय शिक्षकको हकमा भने उमेर हद लागु हुने छैन ।

(घ) बालअधिकार बारे जानकार, सचेत, संवेदनशील तथा तालिम प्राप्त गरेको ।

(ङ) बालमैत्री व्यवहारबारे सचेत र अभ्यस्त रहेको ।

(च) बालबालिका प्रति सकारात्मक धारणा राख्ने ।

अजिरकोट गाउँपालिका

(छ) बालबालिका विरुद्ध कुनै पनि हिंसा नगर्न प्रतिवद्ध भएको ।

(ज) कुनै पनि राजनीतिक दल वा राजनीतिक संगठनको सक्रिय जिम्मेवारीमा नरहेको ।

(झ) फौजदारी अपराधमा संलग्न नभएको ।

(ञ) गाउँपालिका भित्र बसोबास भएको ।

(ट) मदिरा, सुर्ती, चुरोट, लागू औषधको अम्मल नभएको ।

(ठ) खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ) र (ञ) बमोजिम सहजकर्ता छनौट गर्दा उल्लेखित योग्यता पुगेका मध्येबाट बाल क्लब/समूहका पूर्वसदस्य भएका व्यक्तिहरुलाई प्राथमिकता दिन सकिने छ ।

१४. **व्यस्क सहजकर्ताको भूमिका र सीमितता** : (१) गाउँपालिका वा वडाको वयस्क सहजकर्ता बालअधिकारप्रति प्रतिवद्ध, स्वयंसेवी भावनाको र दफा १३ मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनेछ र यस्ता वयस्क सहजकर्ताले बाल क्लब/समूहमा देहायका भूमिकाहरु निर्वाह गर्नु पर्नेछ :

(क) बाल क्लब/समूहको बैठक, योजना तथा कार्यक्रम र निर्माण कार्यान्वयनमा सहजीकरण गर्ने ।

(ख) बाल क्लब/समूहलाई सरोकारवाला निकायहरुसँग सम्पर्क, सम्बन्ध विस्तार गर्न सहजीकरण गर्ने ।

(ग) बाल क्लब/समूहले गर्ने कार्यक्रमहरुका लागि श्रोतहरु जुटाउन सहयोग गर्ने ।

(घ) बाल क्लब/समूहका सामग्रीहरुको उपयुक्त प्रयोग भए नभएको अनुगमन गर्ने र सम्पत्तिको संरक्षण गर्ने।

(ङ) बाल क्लब/समूहका सदस्यहरु बीच आएका विवादहरुको समाधान गर्न सहयोग गर्ने ।

(च) बाल क्लब/समूह र अन्य समुदाय बीच विवाद उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने।

(छ) बाल क्लब/समूहलाई बालअधिकार एवं बाल विकासका सवाल सम्बन्धी सूचना सामग्रीहरु उपलब्ध गराउन पहल गर्ने ।

(ज) आवश्यकता अनुसार बालअधिकार, बालसहभागिता, बाल क्लब/समूह सहजीकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरुमा सहभागि हुने ।

(झ) बाल क्लब/समूहका सदस्य आफ्नो समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनु परेमा वयस्क संरक्षकको भूमिका निभाउने ।

(२) वयस्क सहजकर्ताले बाल क्लब/समूहको सहजीकरण गर्दा गर्न नहुने कार्यहरु :

(क) बाल क्लब/समूहको बैठक तथा छलफल आफैले संचालन गर्ने ।

(ख) बाल क्लब/समूहको योजना आफैले बनाउने, निर्णयहरु आफैले गर्न र सदस्यहरुलाई निर्णयमा सहमत मात्र गराउने ।

(ग) बाल क्लब/समूहलाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नो धारणा लाद्ने ।

(घ) बाल क्लब/समूहका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरुमा प्रतिनिधित्व गर्ने ।

(ङ) बाल क्लब/समूहका सदस्यहरुलाई हप्काउने, हिंसा तथा दुर्व्यवहार गर्ने वा धम्की दिने ।

(च) बाल क्लब/समूहका सदस्यहरुवीच जात, धर्म, लिङ्ग, उमेर, भाषा, भूगोल, शारीरिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।

(छ) बाल क्लब/समूहको सम्पत्ति, बचत रकमहरु जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत हितमा उपयोग गर्ने ।

(ज) बाल क्लब/समूहका सदस्यहरुलाई एक अर्काविरुद्ध भड्काउने, कुनै निश्चित व्यक्ति, जाति, समूह, सम्प्रदाय, दल तथा संगठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न लगाउने ।

(झ) बाल क्लब/समूहका सदस्यहरुलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षति पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने ।

अभिलेख गाउँपालिका

(ञ) बाल क्लब/समूहका सदस्यहरुको उचित सुरक्षाको सुनिश्चितता नगरी वडा बाहिर पठाउने वा कार्यक्रमहरुमा संलग्न गराउने ।

(३) सहजकर्ताले दफा १४ (२) मा उल्लेखित व्यवहार तथा गतिविधि गरेमा आवश्यक प्रमाण सहित सम्बन्धित गाउँ कार्यपालिका वा सहयोगी संस्था वा विद्यालयमा सरोकारवाला जो कोहीले उजुरी दिन सक्नेछन । उपदफा (२) बमोजिम गर्न नहुने व्यवहारको सम्बन्धमा सहजकर्ता नियुक्ति गर्ने संस्थाले त्यस्ता व्यक्तिसँग अग्रिम प्रतिवद्धता लिन सक्नेछ।

(४) सहजकर्ता विरुद्ध परेको उजुरी र गुनासोको छानविन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई चेतावनी दिने, सहजकर्ताबाट हटाउने वा आगामी निश्चित अवधिसम्मका लागि सहजकर्ता बन्न रोक लगाउने वा अन्य आवश्यक कारवाही गरी पदबाट हटाउने कार्य नियुक्त गर्ने संस्थाले गर्न सक्नेछ ।

(५) उजुरीको छानविन तथा निर्णयक्रममा सम्बन्धित सहजकर्तालाई आफ्नो भनाई र स्पष्टीकरण राख्ने अवसरबाट वञ्चित गरिनेछैन ।

## परिच्छेद ४

## बाल क्लब/समूहको बैठक तथा कार्यक्रम सम्बन्धी व्यवस्था

**१५. नियमित बैठक तथा छलफलका विषयहरु :** (१) बाल क्लब/समूहको बैठकको आयोजना विद्यालय बन्द भएको समय र दिनमा सबै सहभागीहरुका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र संचालन गर्नु पर्नेछ ।

(२) बैठकमा वयस्क सहजकर्ताको उपस्तिति अनिवार्य हुनुपर्नेछ ।

(३) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन ।

(४) बैठकको निर्नय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

(५) बैठकमा सामान्यतया निम्न प्रस्तावहरुमा छलफल हुनसक्नेछ :

(क) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिको समिक्षा,

(ख) बाल क्लब/समूहका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरुको धारणा,

(ग) गाउँपालिका वा वडाको बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि,

(घ) आगामी कार्यक्रमको मिति, स्थान, समय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु,

**१६. कार्यक्रम योजना निर्माण :** (१) देहायका अवस्थालाई ध्यान दिई बालबालिका सम्बन्धी योजना निर्माण गर्नु पर्नेछः

(क) बाल क्लब/समूहको बैठक तथा वार्षिक भेलाले योजना निर्माण गर्नेछ । यसरी योजना निर्माण गर्दा मासिक रुपमा कार्यक्रम राख्नु पर्नेछ ।

(ख) बाल क्लब/समूहको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेण्डर, विद्यालयको शैक्षिक क्यालेण्डरसँग नजुध्ने गरी बनाउनुपर्नेछ ।

(२) बाल क्लब/समूहको कार्यक्रम मूलतः देहायको विषयमा केन्द्रित हुनुपर्नेछ :

(क) बालअधिकारको प्रचार प्रसार : बालबालिकाले स्थानीय तहमा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बालअधिकारका बारेमा प्रचार प्रसार गर्ने ।

(ख) बालअधिकार अनुगमन : बाल क्लब/समूहहरु आफ्नो क्षेत्रका विभिन्न स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरुको समूहमा छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बालअधिकारको अवस्थाको अनुगमन गर्न सक्ने छन् । बाल क्लब/समूहले अनुगमनबाट देखेका विषयहरु विद्यालय व्यवस्थापन समिति वा गाउँपालिकाको कार्यालय वा गाउँ शिक्षा समिति वा वडा

कार्यालय बालसंरक्षण समिति वा सहयोगी संस्था समक्ष आवश्यक कार्वाहीका लागि प्रस्तुत गर्न सक्नेछन्।

(३) सेवाका लागि सम्प्रेषण र सुझाव : बाल क्लब/समूहहरुले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरु आएमा सेवा प्रदायक संस्थाहरुसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिश गर्ने लगायत यस्ता बालबालिकाको विकास र संरक्षणमा कार्यक्रम संचालन गर्न सकिनेछ ।

(४) शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरु : बाल क्लब/समूहहरुको सदस्यहरुका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरु, खेलकूदका गतिविधिहरु, बाल भित्ते पत्रिका, वकतृत्वकला, हिज्जे प्रतियोगिता, छोटो समयका विभिन्न सीप, कलाका प्रशिक्षण कार्यहरु ।

(५) सामुदायिक स्वयं सेवा :

(क) बाल क्लब/समूहका १४ वर्षभन्दा माथि बालबालिकाले सुरक्षित ढंगले वयस्कहरुको साथमा गर्ने सामुदायिक स्वयं सेवाका कार्यहरु ।

तर यस्तो सामुदायिक स्वयं सेवा कार्य दैनिक ६ घण्टाभन्दा बढी र लगातार ३ घण्टाभन्दा बढी हुने छैन ।

(ख) सामुदायिक स्वयं सेवाका कार्यहरुमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्नेछ।

(ग) प्रचलित कानून बमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयं सेवा गर्न सक्नेछैनन् ।

(६) निर्णय प्रक्रियालाई प्रभावित पार्ने : बाल क्लब/समूहहरुले सामूहिक रुपमा वा प्रतिनिधि मार्फत बालअधिकारका सरोकारहरुलाई पालिक स्तरीय योजना तथा नीतिहरुमा सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सुनुवाई, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरु ।

**१७. बाल क्लब/समूहले संचालन गर्न नसक्ने कार्यक्रमको सीमा :** (१) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न ।

(२) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउने कार्य।

(३) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

(४) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरु।

(५) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरु ।

तर प्रतिस्पर्धा वा आयोजकहरुले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(६) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरु जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेलाउने कार्यहरु ।

(७) बाल क्लब/समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु ।

(८) सिंगो परियोजना संचालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरु संचालन गर्ने कार्य ।

(९) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।

(१०) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बालअधिकारकर्मी, गाउँपालिका बालसंरक्षण समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा गाउँपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लागाएका कार्यहरु ।

## परिच्छेद ५

## बाल क्लब/समूहको सदस्यता सम्बन्धी व्यवस्था

**१८. सदस्यता वितरण र व्यवस्थापन :** (१) बाल क्लब/समूहले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्न सक्नेछ। बाल क्लब/समूहको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही वडामा बसोबास भएको बालबालिका हुनुपर्दछ।

(२) कुनै बालबालिकाले सदस्य बन्न चाहेमा सामान्यतया बाल क्लब/समूहले सदस्य बनाउनु पर्दछ ।

(३) कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दवाब दिन पाइनेछैन ।

(४) सदस्य नभएकै कारण बाल क्लब/समूहले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी गराउन रोक लगाउन पाइनेछैन ।

(५) सदस्यहरुको अभिलेख बाल क्लब/समूहले आफ्नै रजिष्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा देहायका विवरण उल्लेख हुनुपर्दछ :

(क) बालबालिकाको नाम, थर,

(ख) ठेगाना

(ग) उमेर, लिङ्ग, (विद्यालयमा भए कक्षा)

(घ) अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म)

(६) बाल क्लब/समूहले आफ्नो सदस्यलाई सदस्यता-पत्र वितरण गर्न सक्नेछ ।

(७) बाल क्लब/समूहका सदस्यहरुका लागि न्यूनतम सदस्यता शुल्क तोक्न सकिनेछ ।

(८) बाल क्लब/समूहका सदस्यहरुले तिर्ने सदस्यता शुल्क वा नवीकरण शुल्क न्यून र अभिभावकहरुको क्षमताले धान्न सक्ने हुनुपर्नेछ ।

(९) बाल क्लब/समूहमा विभिन्न श्रोतबाट जम्मा हुन आएको रकमको संरक्षण विद्यालय व्यवस्थापन समिति वा बालमैत्री शासन समन्वय समिति वा वयस्क सहजकर्ताले पारदर्शी ढंगले राख्नु पर्नेछ ।

**१९. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन :** बाल क्लब/समूहका सदस्यहरुले उपयुक्त अवसरहरु प्राप्त गरी आफ्नो व्यक्तित्व विकास गर्न समान अवसर प्राप्त गरुन भन्ने मान्यता बाल क्लब/समूहको नेतृत्व गर्ने समूहले राख्नुपर्दछ । बाल प्रतिनिधि र सहभागितामा देहायका विषयमा ध्यान दिनु पर्नेछ :

(क) समान अवसर र प्रतिनिधित्वका लागि विषयगत समुहहरु बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर प्रदान गर्ने ।

(ख) आयोजना संस्था वा निकायले तोकेको अवस्थामा बाहेक पालैपालो सबै सदस्यहरुलाई सहभागिताको अवसर दिनुपर्नेछ ।

(ग) बाल क्लब/समूहको प्रतिनिधित्व गर्ने व्यक्तिले कुनै कार्यक्रममा जानुअघि आफ्नो समूहका सदस्य र सहजकर्तासँग आफूले के कस्ता सवाल उठाउने भनि छलफल र परामर्श गर्नुपर्नेछ ।

(घ) बाल क्लब/समूहका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछि आफ्नो समूहका सदस्यहरु र सहजकर्ताको बैठक राखी आफू सहभागी भएको कार्यक्रमको बारेमा जानकारी दिनुपर्नेछ । प्रतिवेदन लेखेर बाल क्लब/समूहको फाइल वा माइन्युटसँगै राख्नुपर्नेछ ।

**२०. सदस्यबीच रहेको फरक मतको सम्मान तथा कार्यक्रमको सहजीकरण :** सामान्यतया बाल क्लब/समूहमा सिर्जना हुने फरक मत देहायका उपायहरु अवलम्बन गरी समाधान गर्न सकिनेछ :

(१) बाल क्लब/समूहको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरुलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो विचार राख्न लगाउनु पर्दछ ।

(२) बाल क्लब/समूहको बैठक बस्ने, छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रक्रियाका बारेमा आचारसंहिता निर्माण गर्नु पर्दछ।

(३) बाल क्लब/समूहका सदस्यहरुमाझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरु प्राप्त भएमा ती कार्यक्रमहरुको सूची बनाउने र सदस्यहरुलाई आपसी छलफल गरी कार्यक्रमहरुको प्राथमिकताका साथ छनौट गर्न लगाउनु पर्नेछ । कार्यक्रमको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ ।

(क) बालबालिकाले रुचिकर मान्ने, सृजनात्मक, खेलकूद तथा बौद्धिक विकासका कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिने ।

(ख) बालअधिकारको प्रचार प्रसार हुने र अभिभावक, निर्णयकर्ताहरु तथा समुदायमाझ बालबालिकाको सरोकारका विषयहरु प्रस्तुत गरिने कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

(ग) बाल क्लब/समूहले गर्न नहुने भनेका कार्यक्रम छनौट नगर्ने ।

(घ) बाल क्लब/समूहलाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरु छनौट नगर्ने।

(ङ) वडा र वडाका संस्थाहरुसँग द्वन्द्व वा मनमुटाव हुनसक्ने कार्यक्रमहरु नगर्ने ।

(च) धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्नुपर्ने कार्यक्रमहरु नगर्ने ।

(छ) अन्य बाल क्लब/समूह वा संस्थाले भर्खरै गरिसकेका समान किसिमका कार्यक्रमहरु भए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने ।

(४) बाल क्लब/समूहका सदस्यहरुमाझ सरोकारका विषयमा फरक विचार वा धारणाहरु आएमा ती धारणाहरुलाई समावेश गरी साझा धारणा बनाउनुपर्नेछ । यसका लागि देहायका कार्यहरु गर्न सकिनेछः

(क) सबै सदस्यहरुलाई सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरु छोटकरीमा राख्न दिने । विचार राख्दा अरुको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्ने विषयलाई प्रशय नदिने।

(ख) फरक फरक धारणाहरुलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।

(ग) विपरित धारणाहरु आएमा बाल क्लब/समूहको बैठकमा ती फरक धारणहरुलाई र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने ।

तर, बहुमत सदस्यहरुले व्यक्त गरेको धारणा अनुसार बाल क्लब/समूहले गतिविधि संचालन गर्ने ।

(५) बाल क्लब/समुहका सदस्यहरुमाझ नै फरक मतको विषयमा फरक धारण भएमा देहाय बमोजिम सहजीकरण गर्न सकिनेछ :

(क) बाल क्लब/समूहका सदस्यहरुमाझ नै फरक मतको विषयमा छलफल गरी आपसी सहमति सृजना गर्ने ।

(ख) बाल क्लब/समूहका सदस्यहरुले उठाएको फरक मतको विषय र उनीहरुले दिएका तर्क तथा प्रमाणहरुको सूची बनाउने ।

(ग) विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित वा समुदायमा आधारित बाल क्लब/समूहको हकमा आवद्ध समितिका संयोजकले सम्बन्धित फरक मतको अध्ययन गरी निर्णय प्रदान गर्ने।

(६) बाल क्लब/समूहभित्र आउने फरक मतको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आवद्ध समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्नेछ ।

## परिच्छेद ६

## बाल क्लब/समूहको आर्थिक कोष व्यवस्थापन तथा सहायता

२१. **आर्थिक व्यवस्थापन :** (१) बाल क्लब/समूहको आर्थिक कोषमा देहायको रकम रहनेछ :

(क) स्वेच्छिक रुपमा उठेको सदस्यहरुको नवीकरण वा मासिक शुल्क,
(ख) आर्थिक सहायता तथा सहयोग,
(ग) संस्थाहरुबाट प्राप्त हुने आर्थिक सहायत,
(घ) विद्यालयबाट प्राप्त हुने आर्थिक सहायत,
(ङ) गाउँपालिकाबाट प्राप्त हुने आर्थिक सहायता,
(च) स्थानीय समूह तथा निजी क्षेत्रहरुबाट प्राप्त हुने सहायत र
(छ) यस्तै अन्य आय ।

(२) बाल क्लब/समूहले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्नेछ । बाल क्लब/समूहका लागि सामान्यतया पाँच हजार रुपैयाँभन्दा बढिको सहयोग दिनुपरेमा नगद प्रदान नगरी सोझै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्न सकिनेछ ।

(३) बाल क्लब/समूहको आर्थिक कारोवार प्रचलित सामान्य लेखाको सिद्धान्त अनुसार हुनेछ । साथै बाल क्लब/समूहलाई सोझै परियोजना वा अभियान संचालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न सकिने छैन् ।

(४) बाल क्लब/समूहले आफ्नो गतिविधि संचालन गर्न आफ्नो विद्यालय वा वडामा आर्तिक स्रोत संकलनका लागि बालमैत्री कार्यक्रमहरु आयोजना गर्न सक्नेछन । यस्ता क्रियाकलापमा देउसी-भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता जस्ता कार्यक्रमहरु हुन सक्नेछन । यस्ता कार्यक्रम आयोजना गरी आवद्ध हुँदा सम्बद्ध निकायको स्वीकृति, सहजीकरण र सपरिक्षेण अनिवार्य रहनेछ ।

(५) बाल क्लब/समूहले संकलन गरेका रकम उनीहरुले आयोजना गर्ने बालमैत्री गतिविधिमा मात्र खर्च गर्न सकिनेछ । यस्तो रकम छात्रवृत्ति, भौतिक पूर्वाधारहरुको निर्माण, मर्मत सम्भारका लागि वा कुनै पिडितलाई सहायता, आपतकालीन सहायत बापत सहयोग उपलब्ध गराउने गरी खर्च गर्ने पाइने छैन् ।

(६) बाल क्लब/समूहको वार्षिक आयव्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ । बाल क्लब/समूहको बृहत गतिविधि संचालन गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाव किताब बाल क्लब/समूहबाट अनुमोदन गराउने तथा दुई हप्ता भित्र आर्थिक कारोवारको फरफारक गर्नु पर्नेछ ।

(७) बाल क्लब/समूहको आर्थिक कोष व्यवस्थापनका लागि आवश्यक परेमा बैंक खाता संचालन गर्न सकिनेछ। तर सबै बाल क्लब/समूहलाई बैंक खाता खोली कोषको संचालन गर्न अनिवार्यता हुनेछैन्।

## परिच्छेद ७

## बाल क्लब/समूह र अन्य निकायहरुको सम्बन्ध र सहकार्य

२२. **गाँउपालिकासँगको सम्बन्ध सहकार्य :** (१) सबै बाल क्लब/समूहहरु आफ्नो वडा कार्यलय वा गाउँ कार्यपालिकाको कार्यालयमा तोकिएको विधि र प्रक्रियामा सूचीकृत तथा नवीकरण गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको बाल क्लब/समूहको विवरण अद्यावधिक गर्ने र सरोकार निकायमा आदान प्रदान गर्न सक्नेछन् ।

(३) गाउँपालिकाले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा बाल क्लब/समूहका गतिविधि, बाल क्लब/समूह र सहजकर्ताको प्रशिक्षण तथा बाल क्लब/समूह प्रतिनिधिको परामर्श जस्ता कार्यक्रमहरु राख्न सक्नेछन्।

(४) बाल क्लब/समूहले गाउँपालिकासँग स्थानीय विकासका क्रियाकलापहरुमा बालबालिका सम्बन्धी योजना तथा कार्यक्रम, सुविधा र उपलब्धिहरुको बारेमा सूचना माग गर्ने, त्यस्ता जानकारीहरु प्रचार प्रसार गर्ने तथा कार्यक्रम र सेवाहरुको अनुगमन गर्न सक्नेछ ।

(५) बाल क्लब/समूहले गाउँपालिकासँग आफ्ना कार्यक्रमहरुका लागि आर्थिक सहायता तथा प्राविधिक र सामग्री सहयोगको अनुरोध गर्न सक्नेछ ।

(६) बाल क्लब/समूहले हरेक वर्ष आफूले सम्पादन गरेका कार्यक्रमहरुको सूची र विवरण सहितको प्रतिवेदन तोकिएको ढाँचामा गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**२३. बालबालिका सम्बन्धी स्थानीय समितिहरुसँगको सम्बन्ध र सहकार्य :** (१) गाउँपालिकामा रहेका वडा बाल संरक्षण समिति, गाउँसंरक्षण समिति, गाउँपालिका बालमैत्री शासन समिति, गाउँपालिका विपद् व्यवस्थापन तथा जोखिम न्युनिकरण समिति, गाउँ स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाई समिति जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समिति हुन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमका समितिहरुमा बाल क्लब/समूह वा संजालका प्रतिनिधिहरु सदस्य वा पर्यवेक्षकको रुपमा सहभागी गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिमका समितिहरुको वार्षिक कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बाल क्लब/समूहसँग साझेदारीमा गरिने गतिविधिहरु तय गरी समावेश गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमका समितिहरुले बाल परामर्श तथा विभिन्न समयमा बाल क्लब/समूह तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरुलाई गाउँपालिकाको योजना प्रक्रियाको पैरवी राख्न सक्नेछन् ।

(५) बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नुपर्ने समस्यहरुमा सम्बोधन गर्न सम्बन्धित निकायहरु बीच समन्वय गर्ने तथा बाल क्लब/समूहका गतिविधिहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट बाल क्लब/समूह पुरस्कार तथा सम्मानका कार्यक्रमहरु गर्न सकिनेछ ।

**२४. बाल विकास संरक्षणमा विद्यालय व्यवस्थापन समितिको भूमिका :** (१) बाल विकास संरक्षणलाई विद्यालय व्यवस्थापन समितिसँग आबद्ध गर्नुपर्ने छ ।

(२) विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कर्ययोजनाको निर्माण बालबालिकासँगको परामर्शमा बाल क्लब/समूहका गतिविधिलाई सहयोग पुर्‍याउने कार्यक्रमहरु राख्नु पर्नेछ ।

(३) विद्यालय व्यवस्थापन समितिमा बाल क्लब/समूहका प्रतिनिधि एक बालक र एक बालिकालाई स्थायी आमन्त्रित सदस्यको रुपमा सहभागी गराउनु पर्नेछ र यस्ता बैठकहरुमा बालबालिकाका सरोकारका विषयहरु प्रस्तुत गर्न लगाउन सकिनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशिल र विवाद सृजना हुनसक्ने विषयहरु जस्तैः शिक्षक नियुक्ति र कार्वाही, निर्माणको ठेक्का पट्टा तथा अनियमितता जस्ता विषयको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइने छैन् ।।।

(५) विद्यालयमा रहने शिक्षकको व्यवहारिक सीप तथा शैली विकास (बालमैत्री शिक्षण विधी), बालमैत्री भौतिक संरचनाको निर्माण, स्वरुप र गुणस्तरका विषयहरुमा भने बाल क्लब/समूहका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन गर्नुपर्नेछ ।

**२५. अन्य संघसंस्था तथा सेवा प्रदायक निकायहरुको भूमिका :** (१) गाउँपालिकाका क्रियाशिल विभिन्न संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिका प्रत्यक्ष प्रभावित हुने वा उनीहरु लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बाल क्लब/समूहका प्रतिनिधिहरुसँग परामर्श गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरुको प्रभावकारिताको अनुगमन गर्न बाल क्लब/समूहसँग सहकार्य गर्न सक्नेछन्।

(३) सेवा प्रदायक निकायहरुले बाल क्लब/समूहका सदस्य तथा बाल क्लब/समूहसँग सहकार्य र परामर्श कार्यहरु गर्दा उनीहरुको नियमित शिक्षालाई नकारात्मक प्रभाव पर्ने र विद्यालय समयमा असर पार्ने गरी गर्न सकिनेछैन ।

(४) सेवा प्रदायक निकायहरुले बाल क्लब/समूहका सदस्यहरुलाई अनिवार्य सहभागिताको नियम लागू गर्न सकिनेछैन् ।

(५) सेवा प्रदायक निकायहरुले बालबालिकालई जोखिमपुर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरुको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन सकिने छैन् ।

तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्श गर्न बाधा पर्ने छैन् ।

(६) सेवा प्रदायक निकायहरुले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याला प्रदान गर्न सक्ने छैनन् । तर यातायात खर्च र सहायक सामाग्री दिन फरक पर्नेछैन ।

**२६. गाउँपालिकाको योजना तर्जुमामा बाल क्लब/समूहको प्रतिनिधित्वको व्यवस्था :** (१) गाउँपालिकाबाट हुने योजना निर्माण चक्रमा बाल क्लब/समूहको प्रतिनिधित्व र सहभागिता अनिवार्य गर्न सकिनेछ ।

(२) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल क्लब/समूहका सदस्य वा प्रतिनिधिहरुलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरुको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गर्नुपर्नेछ।

(३) गाउँस्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिन सकिनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल क्लब/समूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे छुट्टै सार्वजनिक सूचना जारी गर्नुपर्नेछ । यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्नेछ।

## परिच्छेद ८

## बाल क्लब/समूहको सम्मिलन र विघटन सम्बन्धी व्यवस्था

**२७. बाल क्लब/समूहको सम्मिलन :** (१) दुई वा दुईभन्दा बढी एकै भौगोलिक क्षेत्र वा एकै विद्यालय भित्रका बाल क्लब/समूहहरु सम्मिलन हुन सक्ने छन तर फरक भौगोलिक क्षेत्र वा फरक विद्यलयका बाल क्लब/समूहहरु सम्मिलन हुन सक्ने छैनन् ।

(२) सम्मिलनमा जान चाहने बाल क्लब/समूहले बाल क्लब/समूहले समूहको सहजकर्ताको उपस्थितिमा सदस्यहरुको भेलाबाट सम्मेलनमा जाने निर्णय गर्नुपर्नेछ ।

(३) सम्मिलन गर्न चाहने सबै बाल क्लब/समूहका सहजकर्ता समेतको उपस्थितिमा सदस्यहरुको भेला आयोजना गरी माथि दफा ७ बमोजिम नँया कार्य समिति चयन गर्नुपर्नेछ ।

(४) सम्मिलन पश्चात् नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र गाउँपालिकामा सम्मिलनको जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम सम्मिलन पछि सम्मिलन भएका बाल क्लब/समूहको सूचीकरण खारेज हुनेछ र नयाँ बाल क्लब/समूह सूचीकृत हुनेछ ।

**२८. बाल क्लब/समूहको विघटन :** (१) बाल क्लब/समूह देहायको अवस्थामा विघटन भएको मानिनेछ :

(क) बाल क्लब/समूह लगातार २ वर्षसम्म गाउँपालिका सम्बन्धित वडा कार्यालयमा समूह विघटन गर्न सक्नेछ।

तर अद्यावधिक नभएका बाल क्लब/समूहलाई विघटन गर्नु अघि तीन (३) महिनाको समय राखी अद्यावधिक गर्नका लागि सूचित गरिनेछ ।

(ख) बाल क्लब/समूहका बहुमत सदस्यहरुले बाल क्लब/समूह विघटन गर्ने निर्णय गरेमा ।

(ग) विद्यालयले उपयुक्त कारण देखाइ विद्यालयमा आधारित बाल क्लब/समूह विघटन गर्न सिफारिश गरेमा।

(घ) गाउँपालिका वा सम्बन्धित वडा कार्यालयको सूचीकरणबाट स्वतः खारेज हुनेछन् ।

(२) उपदफा (१) को खण्ड (ग) र (घ) अनुसार विघटन हुनुपूर्व सार्वजिनक सूचना प्रकाशन गरी बाल क्लब/समूहका सदस्यहरुसँग छलफल गर्नुपर्नेछ ।

(३) विघटन भएका बाल क्लब/समूह गाउँपालिका वा सम्बन्धित वडा कार्यालयको सूचीकरणबाट स्वतः खारेज हुनेछन्।

(४) विघटन भएका बाल क्लब/समूहको सम्पत्ति तथा दस्तावेजहरु सम्बन्धित विद्यालय वा गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले जिम्मा लिनेछ र अर्को बाल क्लब/समूह गठन प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद ९
## विविध

**२९. बाल क्लब/समूहभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण** : बाल क्लब/समूहभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरणका लागि देहायका उपायहरु अवलम्बन गर्न सकिनेछ :

(क) बाल क्लब/समूहका सदस्यहरु तथा वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ संगठनको नेतृत्वमा नरहेको व्यक्ति चयन गरेर ।

(ख) बाल क्लब/समूह तथा यसका सदस्यहरुले विभिन्न राजनीतिक दलहरुसँग बालअधिकार पर्वर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना गरेर ।

(ग) बाल क्लब/समूहले कुनै एक राजनीतिक दल वा समुहसँग मात्र संयुक्त कार्यक्रमहरु आयोजना नगरेर ।

(घ) बाल क्लब/समूहले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत व्यक्ति नबनाएर ।

(ङ) बाल क्लब/समूहले कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा हुने गरी कार्यक्रम तथा गतिविधिहरु संचालन नगरेर ।

(च) बाल क्लब/समूहले राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिने वा उसको सदस्य बन्न प्रेरित गर्ने कार्यक्रम तथा गतिविधिहरु संचालन नगरेर ।

**३०. बाल क्लब/समूहभित्र सदभाव, सदव्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन** : बाल क्लब/समूह भित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्न देहाय बमोजिम गर्नु पर्नेछ :

(क) बाल क्लब/समूहले आफ्नो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नु पर्नेछ ।

(ख) बाल क्लब/समूह तथा यसका सदस्यहरुले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरुका विषयमा बोल्न र त्यस्ता अभ्यासहरु नगर्न सदस्यहरुलाई प्रशिक्षित गर्नु पर्नेछ।

(ग) बाल क्लब/समूहका सदस्यहरुलाई सामाजिक सदभाव प्रवर्धन गर्न, सबै धर्म, जातजाति र समुदायबीच सम्मान गर्न, उनीहरुको असल संस्कृति र अभ्यसहरुका बारेमा बुझ्न विभिन्न समयमा विविध साँस्कृतिक कार्यक्रमहरु आयोजना गर्न सकिनेछ ।

(घ) बाल क्लब/समूहको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गर्न सकिनेछ ।

(ङ) बाल क्लब/समूहको बैठकमा संस्कृतिलाई छलफलको प्रस्ताव नै बनाएर नियमित रुपमा सदस्यहरुले पालैपालो आफ्नो धर्म, संस्कृतिका बारेमा र असल कुराहरुका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन सकिनेछ ।

**३१. बाल क्लब/समूहका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन** : बाल क्लब/समूहका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन सम्बन्धमा देहाय अनुसार गर्नु पर्नेछ :

(क) कुनै पनि बाल क्लब/समूह गठन गर्नु अगाडि उक्त समुदाय तथा विद्यालयमा बाल क्लब/समूहको आवश्यकता, अवसर र सम्भावनाहरुबारे अभिभावक अनुशिक्षण आयोजना गर्नु पर्नेछ ।

(ख) बाल क्लब/समूहले आयोजना गर्ने सबै गतिविधिहरुले बालबालिका तथा समुदायको हित प्रवर्धन नगर्न सक्छन, बाल क्लब/समूहको गतिविधिहरुको बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गर्न सकिनेछ ।

(ग) बाल क्लब/समूहका गतिविधिहरुका बारेमा प्रतिक्रिया दिन वा गुनासो व्यक्त गर्न विद्यालय, गाउँपालिका वा वडा कार्यालाय, नागरिक सूचना केन्द्रहरुमा सुझाव पेटिकाको स्थापना र संचालन गर्न सकिनेछ ।

(घ) सुझाव पेटिका मासिक रुपमा खोल्ने र प्राप्त सुझावहरुलाई लिखित रुपमा उल्लेख गरी रजिष्टरमा अभिलेखीकरण गर्नुपर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम प्राप्त सुझावहरुलाई सहजकर्ता र बाल क्लब/समूहका प्रतिनिधिहरु बसी छलफल तथा प्राथमिकीकरण गरी सुझावका आधारमा बाल क्लब/समूहका गतिविधिहरुमा सुधार गर्नुपर्नेछ।
तर सुझाव वा गुनासोको आधारमा मात्रै बाल क्लब/समूह विघटन गर्ने वा बाल क्लब/समूहका गतिविधिहरुलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न सकिनेछैन् ।

(च) विद्यालयमा आधारित बाल क्लब/समूहका गतिविधिहरुका बारेमा समुदाय तथा अभिभावकहरुले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्नेछन् ।

**३२. बाल क्लब/समूहका क्रियाकलापमा एकरुपता** : (१) गाउँपालिकाले सबै बाल क्लब/समूह तथा संजालका क्रियाकलापलाई एकरुपता दिन अनुसूचि १, २, ३, ४ र ५ अनुसारको निर्दिष्ट फाराम तथा ढाँचा प्रयोगमा ल्याउन सक्नेछ ।

**३३. प्रचलित कानुन बमोजिम हुने** : यस निर्देशिकामा लेखिए जति यसै बमोजिम र उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३४. बाधा अड्काउ फुकाउ** : यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँकार्यापालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो अदेश यसै निर्देशिका बमोजिम भएको मानिने छ ।

# अनुसूची १
## बाल क्लब/समूहको नियम ढाँचा

**(क) बाल क्लब/समूहको परिचय**

नाम :

ठेगाना :

सूचूकरण नम्बर :

**(ख) बाल क्लब/समूहको उद्देश्य र विषयहरु**

(१)

(२)

(३)

(४)

**(ग) बाल क्लब/समूहको संगठन**

(१) सदस्य बन्ने तरिका

(२) नेतृत्व चयन गर्ने तरिका

(३) विघटन हुने अवस्था

(४) सदस्य बन्न नपाउने व्यक्तिहरु

(५) नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरु

**(घ) बाल क्लब/समूहका सदस्यले पालन गर्नुपर्ने नियमहरु**

(१) सदस्य भइसकेपछि पालन गर्ने नियमहरु

(२) नेतृत्वमा निर्वाचित भएपछि पालन गर्ने नियमहरु

(३) बैठकमा पालन गर्ने नियमहरु

(४) अन्य बाल क्लब/समूहका सदस्य, बालबालिका तथा निकायसँग व्यवहार गर्ने नियमहरु

**(ङ) बाल क्लब/समूहको आर्थिक कोष तथा श्रोत**

(१) सदस्यता शुल्क

(२) नवीकरण शुल्क

(३) अन्य सहायता र श्रोतहरु

(४) आमदानी जम्मा गरी राख्ने ठाउँ

(५) आमदानी र खर्च विवरण राख्न तोकिएको व्यक्ति

**(च) अन्य विषयहरु**

आमचोक गाउँपालिका

## अनुसूची २
## बाल क्लब/समूहका लागि आवश्यक आधारभूत सामाग्रीहरु

१) बाल क्लब/समूहको सामाग्री राख्नका लागि बाकस वा दराज
२) माइन्युट कपी (निर्णय पुस्तिका)
३) कार्यक्रम विवरण लेख्ने कापी (कार्यक्रम पुस्तिका)
४) बालसमूहको नियम
५) बाल क्लब/समूहका अध्ययन सामाग्रीहरु
६) बाल क्लब/समूहको आम्दानी र खर्च लेख्ने लेखा कापी (आय-व्यय पुस्तिका)
७) कलम
८) आवश्यकता अनुसार खेल, शैक्षिक तथा मनोरञ्जनमूलक सामाग्रीहरु

आलिताल गाउँपालिका

## अनुसूची ३
## बाल क्लब/समूह कार्ययोजना फारम

बाल क्लब/समूहको नाम :                                        बाल क्लब/समूहको ठेगाना :

वयस्क सहजकर्ताको नाम र सम्पर्क फोन :

सुचीकरण नं. :

| कार्यक्रमको नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मवार सदस्यहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आलिताल गाँउपालिका

## अनुसूची ४
## बाल क्लब/समूह कार्यप्रगति विवरण फारम

बाल क्लब/समूहको नाम :  बाल क्लब/समूहको ठेगाना :

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं. :

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सूचीकरण नं. :

| सम्पन्न कार्यक्रमको नाम | विषय | कार्यक्रम भएको स्थान | मिति | खर्च भएको रकम र श्रोत | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,

भोज बहादुर ऐडी

प्रमुख प्रशासकीय अधिकृत